संवत् २०८१ साल असार ५ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०१२/२०८०/२०८१

<table>
<tr><th>क्र.सं.</th><th>महाशाखा/शाखा</th><th>निर्णयको संक्षिप्त ब्यहोरा</th></tr>
<tr><td>१</td><td>योजना/प्रशासन महाशाखा</td><td>थाहा नगरपालिकाको आ.व. २०८१/०८२ को लागि बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न गठित समितिले तयार गरेको बजेट, नीति तथा कार्यक्रमलाई संशोधन सहित स्विकृतीको लागि १६ औं नगरसभामा पेश गर्ने ।</td></tr>
<tr><td>१.१</td><td>आर्थिक प्रशासन/प्रशासन शाखा</td><td>नेपाल सरकार संघीय ससर्त अनुदानमा संचालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रममा कार्यरत वित्तिय साक्षरता सहजकर्ता र मनोसामाजिक सहजकर्ताका कर्मचारीहरुलाई आ.व. २०८१/०८१ मा तलब भत्ता शिर्षकमा ५०% मात्र बजेट विनियोजन भएकोले निजहरुलाई खाईपाई आएको तलबमा २०% समपुरक बजेट थप गर्ने ।</td></tr>
<tr><td>३</td><td>विपद व्यवस्थापन शाखा</td><td>सशस्त्र प्रहरी बल, नेपाल, विपद् व्यवस्थापन बेश कुलेखानी, मकवानपुरलाई मासिक रुपमा ५० लिटर डिजेल र २० लिटर पेट्रोल प्रदान गर्ने ।</td></tr>
<tr><td>३.१</td><td>आर्थिक प्रशासन/पशु विकास शाखा</td><td>थाहा नगरपालिका वडा ४ रुप्से निवासी अमृत थिङको मिति २०८०/०२/०१ गते अज्ञात रोगको कारण ७ वटा गर्भवती बाखा, ५ वटा बाखा, ३ वटा खसी, ५ वटा बोका, १ वटा पाठी गरि जम्मा २१ वटाको मृत्यु हुँदा रु.५,५०,०००/- को क्षति भएकोले क्षतिपुर्तिको लागि प्रहरी मुचुल्का सहित वडा कार्यालयको सिफारिस प्राप्त हुन आएकोमा निजलाई क्षतिपुर्ति स्वरुप रु.५०,०००/- वितरण गर्ने ।</td></tr>
<tr><td>३.२</td><td>योजना/आर्थिक प्रशासन शाखा</td><td>थाहा नगरपालिका ८ नं. वडा समितिको निर्णय बमोजिम तपसिल बमोजिसको योजनाहरुको शिर्षक परिवर्तन गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>विनियोजित बजेट रु.</th><th>संशोधित योजनाको नाम</th><th>विनियोजित बजेट रु.</th></tr>
<tr><td>१</td><td>दामगाडे महादेववेशी सडक</td><td>५,००,०००/-</td><td>मोरीया हाडीखोला गोरेटो बाटो</td><td>५,००,०००/-</td></tr>
<tr><td rowspan="4">२</td><td rowspan="4">विपद् भैपरी तथा अन्य</td><td rowspan="4">१४,००,०००/-</td><td>१. वडाको मुख्य तथा शाखा सडकहरु सरसफाई</td><td>३,५०,०००/-</td></tr>
<tr><td>२. श्री थापा कुलघर निर्माण</td><td>५,००,०००/-</td></tr>
<tr><td>३. गाँउघर क्लिनिक देविस्थान निर्माण</td><td>३,००,०००/-</td></tr>
<tr><td>४. वडाको विपद् भैपरी तथा अन्य</td><td>२,५०,०००/-</td></tr>
</table></td></tr>
<tr><td>३.३</td><td>आर्थिक प्रशासन शाखा</td><td>समपुरकको बजेटबाट निर्माण भईरहेका आयोजनाहरुको भुक्तानी गर्दा शुरुमा संघ र प्रदेशको समपूरक तर्फको शीर्षकबाट भुक्तानी दिने ।</td></tr>
<tr><td>३.४</td><td>आर्थिक/योजना/पशु विकास शाखा</td><td>थाहा नगरपालिका वडा नं. १२ मा सामुदायिक भवन निर्माणको लागि रु.१० लाख बजेट विनियोजन गरिएकोमा प्राविधिक लागत स्टमेट बमोजिम उक्त भवन निर्माण कार्य सम्पन्न गर्न रु.२० लाख आवश्यक पर्ने भएको हुँदा नपुग</td></tr>
</table>

| | | |
|---|---|---|
| | | रु.१० लाख बजेट दुध उत्पादनमा प्रोत्साहन तथा सम्मान कार्यक्रमको लागि विनियोजित बजेटबाट भुक्तानी दिने । |
| ३.५ | योजना/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका र धर्तीमाता बिल्डर्स प्रा.लि बीच आ.व. २०८०/०८१ को ढुङ्गा, गिट्टी निकासी शुल्क मिति २०८१ जेठ मसान्तसम्म उठाउने ठेक्का सम्झौता भएकोमा २०८१ जेठ मसान्तसम्म अन्तिम किस्ता दाखिला गरिसक्नु पर्नेमा विविध कारणवश सम्झौता अनुरुप राजश्व दाखिला गर्न नसकेकोले मिति २०८१/०३/१५ गते सम्ममा अन्तिम किस्ता दाखिला गरिसक्ने प्रतिवद्धताका साथ मिति २०८१/०२/३१ मा धर्तीमाता बिल्डर्स प्रा.लि. बाट पत्र प्राप्त भए अनुसार निजलाई सम्झौता अनुरुप म्याद समाप्त भए पश्चात कुनै पनि किसिमले उत्खनन् कार्य गर्न नपाउने र २०८०/०३/१५ गते सम्मका लागि रकम दाखिला गर्न म्याद थप्ने । |
| ३.६ | आर्थिक प्रशासन/योजना शाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिम तपसिल बमोजिमका योजनाहरुको म्याद थप र VO स्वीकृत गर्ने । |

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्राणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता